बुटवल 94.4 mhz एफ.एम

नव तिलोत्तमा

मोफसलको लोकप्रिय राष्ट्रिय दैनिक

ग्राहक महानुभावहरुमा अनुरोध

- नियमित पत्रिका नआएमा।
- विज्ञापनहरु दिनु परेमा।
- ग्राहक बन्नु परेमा।
- समयमा पत्रिका प्राप्त न भएमा।

नव तिलोत्तमा

बुटवल-१० कालिकानगर, रुपन्देही

फोन: ०७१-४३८५७४

वर्ष १८ | अंक ३५० | ०८१ कात्तिक १२ गते सोमबार | 2024 Oct. 28 Monday | पृष्ठ संख्या ४ | मूल्य रु. ४

## बालबालिकाको क्यान्सर उपचार निःशुल्क

# आधारभूत औषधी कम मूल्यमा उपलबध गराउने सरकारको तयारी



रासस/काठमाडौँ, ११ कात्तिक । सरकारी अस्पतालमा १४ वर्षमुनिका बालबालिकाको क्यान्सर रोगको उपचार निःशुल्क हुने भएको छ। स्वास्थ्य तथा जनसर्‍यामन्त्री प्रदीप पौडेलले आइतबार मन्त्रीस्तरीय निर्णय गरेअनुसार कान्ति बाल अस्पताल काठमाडौँ, भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर र बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुरमा निःशुल्क उपचार हुने भएको हो । आगामी मंसिर १ गतेबाट निर्णय लागु हुने गरी व्यवस्था मिलाइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । मन्त्री पौडेलले पदबहाली गरेलगत्तै बालबालिकाको क्यान्सर उपचार सेवा निःशुल्क बनाउन पहल थाल्नुभएको थियो। सरकारले हरेक व्यक्तिलाई उपचारका लागि दिने रकममा अपुग भए मन्त्रालयको आन्तरिक श्रोतबाट व्यवस्थापन गरिने प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो । नेपालमा हुने कुल मृत्युमध्ये ७१ प्रतिशत मृत्यु नसर्ने रोगका कारण हुने गरेको छ। त्यसमध्ये ११ प्रतिशतको क्यान्सरका कारण ज्यान जाने गरेको मन्त्रालयअर्न्तगतको इपिडिमियालोजी तथा रोग नियन्त्रण महाशाखाद्वारा सार्वजनिक तथ्याङ्कमा उल्लेख छ। यहाँ सन् २०२२ मा २२ हजार नयाँ बिरामी देखिएकामा १४ हजार बढीले ज्यान गुमाएको पाइएको छ । नेपालमा हरेक वर्ष करिब १५ सय बालबालिकामा क्यान्सर देखिने गरेको महाशाखाले जनाएको छ।

यसैबीच मन्त्री पौडेलले नागरिकलाई आधारभूत औषधी कम मूल्यमा उपलब्ध गराउन सरकार तयार रहेको बताउनुभएको छ। औषधीको उचित मूल्य तथा गुणस्तरवृद्धिका लागि सुझाव दिन गठित समितिका पदाधिकारीसँग मन्त्रालयमा भएको छलफलमा मन्त्री (बाँकी ४ पेजमा...)

# सत्ता सौदाबाजीका लागि कुनै सम्झौता हुँदैन : प्रधानमन्त्री



रासस/काठमाडौँ, ११ कात्तिक । प्रधानमन्त्री केपी शर्मा ओलीले सत्ता सौदाबाजीका लागि राष्ट्र र राष्ट्रियताका पक्षमा प्रश्न उठ्नेगरी कुनै सम्झौता नगरिने स्पष्ट गर्नुभएको छ ।नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठनद्वारा आइतबार आयोजित 'राष्ट्रिय सुरक्षा र विकासमा पूर्व सुरक्षाकर्मीहरुको भूमिका' विषयक विचार गोष्ठीलाई सम्बोधन गर्दै नेकपा (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले राष्ट्रियताका सवाललाई ध्यान दिएर भारतको नाकाबन्दी भएका बेला चीनसँग व्यापार र पारवहन सम्झौता गरिएको स्मरण गर्नुभयो । "अहिले अनेक नाममा राष्ट्रिय सुरक्षाको किल्लामा हमला गर्न खोजिएको छ । अरुको हितमा असर नपार्ने र आफ्नो जायज हित नछाड्ने सङ्कल्पका साथ हामी अघि बढ्का छौँ । सरकार प्राप्त गर्न वा सरकार टिकाउन राष्ट्र र राष्ट्रियताका विषयमा कुनै सौदाबाजी गर्नेजस्ता घिनलाग्दा काम हामीबाट हुनसक्दैन ।" प्रधानमन्त्री ओलीले भन्नुभयो, "यसअघि नाकाबन्दीको सामना गर्दा सरकारबाट बाहिर पुग्यौँ होला तर कुनै छलछाम नगरी जस्केलाबाट नभई निर्वाचनका माध्यमबाट सत्तामा आउँछौँ भनेका थियौँ र आयौँ पनि । दुई ठूला राजनीतिक दल एमाले र नेपाली कांग्रेससहितको वर्तमान सरकार राष्ट्रिय एकताको भावनाको रक्षा र देशको हितका लागि पूर्ण कटिबद्ध भएर काम गरिरहेका छ ।"हतियार बिसाएका मात्रै हौँ भनेर दिइने धम्कीप्रति लक्षित गर्दै प्रधानमन्त्री ओलीले माटामुनी लुकाइएका खिया लागेका हतियारले (बाँकी ३ पेजमा...)

# डहरे खोलामा मोटरेबल पुलको शिलन्यास



तिलोत्तमा/गुल्मी, ११ कार्तिक । गुल्मीको सत्यवती गाउँपालिका वडा नम्बर-६, स्थित डहरे खोलामा मोटरेबल पुल निर्माण गर्न थालिएको छ। यहाँको रिडी (रुद्रावेणी-वामीटक्सार) सडकखण्डमा पर्ने डहरे खोलामा मोटरेबल पुल निर्माण आइतबार शिलान्यास गरिएको हो । नेपाली कांग्रेसका प्रभावशाली नेता एवम् प्रतिनिधि सभा सदस्य डा.चन्द्र भण्डारीले यस खोलामा निर्माण गर्न लागिएको सो पुलको शिलान्यास गर्नुभएको हो। उहाँले डहरे खोलामा मोटरेबल पुल नहुँदा नागरिकले लामो समयदेखि धैरै सास्ती भोगिरहेको बताउनुभयो। नागरिकको भावनाको मध्यनजर गर्दै रिडी-रुद्रवेणी चोरकाटे खण्डका डहरे खोलासहित चारवटा पुलको निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्न जरुरी रहेको भन्दै पुल निर्माणले हिउँद वर्षा १२ महिना यातायातका साधन निर्बाध रूपमा चल्ने बताउनुभयो।

नेता भण्डारीले छिटोभन्दा छिटो पुल निर्माणका लागि आफूले निरन्तर पहल गर्ने बताउनुभयो। पुल निर्माण भएपछि सवारी साधनसँगै यहाँका नागरिकलाई (बाँकी ४ पेजमा...)

# काटिएको लाइन जडान गर्न आग्रह

रासस/काठमाडौँ, ११ कात्तिक । उद्योगी, व्यवसायीले नेपाल विद्युत् प्राधिकरणले उद्योगको लाइन काटेकोप्रति दुःख जनाउँदै काटिएको लाइन तत्काल जडान गरी सहज रुपमा व्यवसाय सञ्चालन गर्ने वातावरण बनाइदिन ऊर्जामन्त्री र उद्योगमन्त्रीसँग आग्रह गरेका छन् । उद्योगी व्यवसायीले आइतबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का र उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीलाई संयुक्त रुपमा भेटेर प्राधिकरणले काटेको लाइन तत्काल जडान गर्न पहल गर्नुपर्ने माग गरेका हुन् । भेटका क्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष एवं उद्योगी पशुपति मुरारकाले विद्युत् प्राधिकरणले पटकपटक विद्युत् लाइन काटेर उद्योगीमाथि अन्याय गरेको बताउनुभयो। उहाँले प्राधिकरणले विद्युत्महसुलसम्बन्धी प्रमाण दिए आफूहरुले शुल्क तिर्ने उल्लेख गर्नुभयो।

ऊर्जामन्त्री खड्काले उद्योगमा विद्युत् कटौती भएको विषयमा ऊर्जा मन्त्रालय, विद्युत् नियमन आयोग, नेपाल विद्युत् प्राधिकरणलगायत सरोकार भएका निकायसँग छलफल गरी यथाशीघ्र समस्या समाधानको पहल गर्ने प्रतिबद्धता जनाउनुभयो। उहाँले उद्योगीले प्रयोग गरेको लाइनबापतको रकम तिर्नुपर्ने भन्दै प्राधिकरणले पनि लाइन काट्न नहुने धारणा राख्नुभयो। उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री भण्डारीले 'डेडिकेटेड' र 'ट्रङ्कलाइन' विद्युत्को बारेमा लाल आयोगले अध्ययन गरिसकेकाले उक्त आयोगको प्रतिवेदनलाई कार्यान्वयन गरेर अगाडि बढ्नुपर्ने बताउनुभयो।

उहाँले मुलुकको अर्थतन्त्र मन्दीमा रहेका बेला उद्योगको लाइन काट्दा थप समस्या उत्पन्न हुनसक्ने भएकाले यथाशीघ्र समस्याको समाधान गर्न विभागीय मन्त्रालय लाग्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा ऊर्जा मन्त्रालयका सचिवद्धय सुरेश आचार्य र सरिता दवाडी, मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रबल अधिकारीलगायत मन्त्रालयका उच्च पदस्थ अधिकारी एवं उद्योगी व्यवसायीको सहभागिता थियो।

# प्रदेशलाई सडक आश्रित मानव मुक्त बनाउने तयारी



तिलोत्तमा/देउखरी, ११ कार्तिक । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रदेशलाई आगामी वर्ष सहयोगापेक्षी, सडक आश्रित मानव मुक्त प्रदेश बनाउन सरकारले अठोट लिएको बताउनुभएको छ।

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेत प्राथमिकताका साथ सम्बोधन गरेको जानकारी दिँदै मुख्यमन्त्री आचार्यले आगामी वर्ष प्रदेशलाई सहयोगापेक्षी, सडक आश्रित मानव मुक्त घोषणा गर्नेगरी कार्यक्रम अघि बढाउने बताउनुभएको हो।

मानव सेवा आश्रमको मेची महाकाली राष्ट्रिय उद्धार यात्रा टोलीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आइतबार स्वागत गर्दै मुख्यमन्त्री आचार्यले मानव भएर मानवको हिसाबले बाच्न पाउने वातावरण सुनिश्चित गरिने बताउनुभएको छ।

'यहाँहरूले थालेको अभियानमा प्रदेश सरकारको साथ सहयोग छ। मानव भएर मानवको हिसाबले बाच्न पाउनुपर्छ' उहाँले भन्नुभयो,'प्रदेश सरकार साझेदारी रूपमा यो अभियानमा जोडिन चाहन्छ। हामी आउने वर्ष लुम्बिनी प्रदेशका सडकमा बास बस्ने मानिस नरहने गरी सडक आश्रित मानव मुक्त प्रदेश घोषणा गरेर अघि बढ्छौँ।'

उहाँले लुम्बिनी प्रदेश भित्र रहेका मानव सेवा आश्रमको विवरण र त्यहाँ आश्रितहरूको विवरण सङ्कलन गरिने समेत जानकारी दिनुभयो।

असोज २६ गते प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्नुभएपछि २७ गते झापाको मेची पुलबाट सुरु भएको उद्धारटोली १३ औँ दिनमा लुम्बिनी प्रदेशको राजधानी स्थल राप्ती उपत्यका देउखुरी आइपुगेको हो। अभियानको क्रममा एक सय २८ सडक आश्रित मानवको उद्धार गरिएको छ। लुम्बिनी प्रदेशका जिल्लाहरूबाट हालसम्म २८ जना सडक आश्रित मानवहरूको उद्धार गरिएको मानव सेवा आश्रमका केन्द्रीय अध्यक्ष रामजी अधिकारीले जानकारी दिनुभयो। पहिलो मेची महाकाली राष्ट्रिय उद्धार यात्राको क्रममा ७ सय ५८ जनाको उद्धार भएको थियो भने अघिल्लो वर्ष भएको मेची महाकाली राष्ट्रिय उद्धार यात्राको क्रममा ३ सय ४ जनाको उद्धार भएको थियो। यो उद्धार यात्राको खर्च आनी छोइङ डोल्मा फाउन्डेसनले सौजन्य गरेको छ।

मानव सेवा आश्रमले आउँदो वर्ष अर्थात् २०८२ साल भित्र नेपाललाई सडकपेटी र सार्वजनिक स्थलमा कष्टपूर्ण जीवनयापन गर्न नपर्ने देश निर्माण गर्ने सङ्कल्प गरेको छ।

# जङ्गली च्याउ खाँदा पाँचजना बिरामी



रासस/नवलपुर (नवलपरासी), ११ कात्तिक । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)मा जङ्गली च्याउ खाँदा एउटै परिवारका पाँचजना बिरामी परेका छन् । शनिबार साँझ जङ्गली च्याउ खाँदा देवचुली-२ दुम्कौलीमा एउटै परिवारका पाँचजना बिरामी परेका जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जङ्गली च्याउन खाँदा दुम्कौलीकी २८ वर्षीया धनमाया राजवंशी, २६ वर्षीय मदन राजवंशी, नौ वर्षीया रिदिमा राजवंशी, ४८ वर्षीय बाबुलाल राजवंशी र ४६ वर्षीया रनमाया राजवंशी बिरामी परेका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक जेशी शाहले जानकारी दिनुभयो । बिरामीको चितवनको भरतपुरस्थित पुरानो मेडिकल कलेजमा उपचार भइरहेको बताउँदै अहिले सबैको अवस्था सामान्य रहेको शाहले उल्लेख गर्नुभयो। उहाँका अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ।

तिलोत्तमा

## सम्पादकीय

### *दिपावलीमा उपभोक्तालाई राहत देउ*

*बडादशैंको विदाईसंगै नेपालीहरुको दोश्रो ठूलो चाड तिहार नेपालीहरुको घर आँगनमा आईपुगेको छ । दशैं र तिहारलाई खर्चालु पर्वको रुपमा पनि लिइन्छ । ठिक यही बेला बजार आम उपभोक्ताको पहुँच बाहिर पुगेको छ । हरेक बस्तुको मूल्य आकासिएको छ । तरकारी पसलदेखि किराना पसलमा समेत तिहारको अवसरमा किनमेल गर्नेहरुको भीड छ । विगत ६ महिनायता देखि नै नेपाली बजारमा खाद्यान्न तथा अत्यावश्यकीय उपभोग्य वस्तुको मूल्यमा आकस्मिक वृद्धि भइरहेको छ । बजार नियन्त्रण बाहिर गएको हो कि भन्ने आम जनमानसले महसुस गरिरहेका छन् । संघीय तथा प्रदेश सरकारले मूल्य नियन्त्रणको विषयमा कुनै पहल गरिरहेका छैनन् । खाद्यान्नको मूल्य नियमन गर्न उपयुक्त नियमन निकाय वा संयन्त्र बनाई ऐन-कानुन एकद्वार प्रणालीबाट कार्यान्वयन गर्नु आवश्यक छ । अत्यावश्यक खाद्यवस्तुको मूल्यवृद्धि नियन्त्रण गर्न वार्षिक रूपमा खाद्यवस्तुको माग, स्वदेशी उत्पादनबाट हुने आपूर्ति र नपुग खाद्यान्नको प्रक्षेपण गरी नपुग खाद्यान्न आपूर्ति ब्यवस्थापन गर्ने कार्यक्रम तर्जुमा गर्न सक्ने विधिको विकास गर्नुपर्ने आवश्यकता रहेको छ ।*

*एकातर्फ बजार अनुगमनका क्रममा भेटिएको तथ्यले नेपालीहरुले पुराना र सडेगलेका सामान प्रयोग गर्न बाध्य छन भन्ने प्रमाणित गरेको छ । वास्तवमा यो अति गैरजिम्मेवार काम हो । अनुगमनका क्रममा देखिने यस प्रकारका लापरवाही विरुद्ध सरकार, स्थानीय पालिकाहरुले कडा कारवाही गर्नुपर्दछ । तर, चिन्ताको कुरा के छ भने यस विषयमा सम्वन्धित निकायको ध्यान आकर्षित भएको पाइएको छैन् । सरकारी निकायबाट विभिन्न ऐन-नियमको कार्यान्वयनमा समस्याहरू देखापरेका छन् । एकातिर बजार मूल्य आकासिएको छ, अर्कोतर्फ बजारमा बेच्न राखिएका गुणस्तरहिन सामानले नेपाली उपभोक्ता वास्तवमै कति ठगिएका छन भन्ने प्रमाणित गरेको छ । सरकारले बजार नियन्त्रणमा राख्न सकिरहेको छैन ।*

*अझैपनि मूल्यबृद्धि नियमन नगर्ने हो भने समस्या अझै बढ्दै जानेछ र सामान्य नेपाली नागरिकले केही किन्न सक्ने अवस्था पनि हुनेछैन । आगामी दिनमा हुने मूल्य बृद्धिले नियन्त्रणको विन्दु बाहिर जान सक्छ भन्ने हेक्का राख्नु अव जरुरी छ । त्यसका लागि फेरीपनि संघीय र प्रदेश सरकारको ध्यान र चासो त्यसतर्फ जानु आवश्यक छ । खासगरि नेपालका दुई ठूला चाडपर्वको अवसरमै उपभोग्य बस्तुको मूल्यमा बृद्धि हुँदा आम उपभोक्तालाई असर पर्ने भएकोले नियन्त्रणमा सरकारको ध्यान जाओस् ।*

## अन्तराष्ट्रिय समाचार

### फिलिपिन्समा आँधीबाट सयबढीको मृत्यु

(रासस/एएफपी) मनिला, ११ कात्तिक। फिलिपिन्समा उष्णकटिबन्धीय आँधी 'ट्रामी'का कारण मृत्यु हुनेको सङ्ख्या १०० भन्दा बढी पुगेको उद्धारकर्मीले आइतबार बताएका छन् ।आँधीपछि आत्तिएर एउटा तालमा हाम फालेका दर्जनौं मानिस अझै हराइरहेका छन् भने उनीहरूको खोजी भइरहेको छ। गत अक्टोबर २४ मा फिलिपिन्समा आएको 'ट्रामी' यस वर्षको सबैभन्दा घातक आँधीमध्ये एक थियो ।राष्ट्रिय विपद् निकायका अनुसार भूकम्पका कारण पाँच लाखभन्दा बढी मानिस आफ्नो घर छाड्न बाध्य भएका छन् भने कम्तीमा ३६ जना हराइरहेका छन् ।सबैभन्दा बढी प्रभावित बिकोल क्षेत्रमा प्रहरीले ३८ जनाको डुबेर मृत्यु भएको जनाएको छ ।बिकोलका क्षेत्रीय प्रहरी निर्देशक आन्द्रे डिजोनले एएफपीसँग भन्नुभयो, "हामीलाई अझै पनि धेरै फोन आइरहेका छन् र हामी सकेसम्म धेरै मानिसहरूलाई बचाउने प्रयास गरिरहेका छौं।""आशा छ, त्यहाँ थप मृत्यु हुनेछैन," उहाँले भन्नुभयो ।डिजोनले यस क्षेत्रको क्यामारिन सुर प्रान्तका 'धेरै बासिन्दाहरू' अझै पनि आफ्नो घरको छत र माथिल्लो तलामा फसेको बताउनुभयो।

# युवा पलायन न्यून गर्ने सूत्र



भरत गौतम

आर्थिक अवसर बढी हुने ठाउँमा मानिसको आकर्षण बढ्दो छ । अर्थतन्त्र बलियो भएका देश अरू देशका काबिल जनशक्ति भित्र्याउन विभिन्न अवसरबाट प्रभावित गराउँछन् । विकसित देशले सक्षम जनशक्ति तान्ने सिद्धान्त ब्रेन ड्रेनले गर्दा अन्य देशमा श्रम व्यवस्थापनमा समस्या देखिएको छ । सबल अर्थव्यवस्था हुन नसकेका देशले सक्षम जनशक्तिलाई स्वदेशमै टिकाउन हम्मेहम्मे परेको छ । सक्षम बाहिरिँदा दक्ष जनशक्ति अभावमा समग्र क्षेत्रमा समस्या देखिन सक्ने अनुमान गर्न थालिएको छ । नेपालमा पनि दक्ष जनशक्ति स्वदेशमा टिकाउन सकिएको छैन । अन्य क्षमताका जनशक्ति पनि स्वदेशको अवसर नदेखेको अवस्था छ । गाउँबाट सहरमा बसाइँसराइ गर्ने सहरबाट विदेश जान सक्रिय हुने प्रवृत्ति बढ्दो रहेकाले जनस[?]्या व्यवस्थापनमा चुनौती बढ्दै गएका छन् । राज्यले विकासको सञ्जाल गाउँसम्म लैजाँदै छ तर गाउँका घर रित्तिँदै गएका छन् । अर्को सकारात्मक पक्ष विप्रेषणको प्रभाव अनुकूल हुँदै गएको देखिन्छ । स्वदेशमा काम गर्ने जनशक्तिको अभाव हुने अवस्था एकातिर छ भने अर्कोतिर स्थानीय समाजिक र संस्कारगत कर्ममा समेत समस्या देखिएका छन् । अहिलेको बिदेसिने दरलाई कम गर्न सकिएन भने सामाजिक र आर्थिक पक्ष कमजोर हुने अनुमान गर्न थालिएको छ । राज्य तहबाट स्वदेशमै श्रम व्यवस्थापन अनुकूल बनाउने सोचको स्पष्टता देखिएको छैन । नेपाली अवसर भएका देशमा पुगिसकेका र धेरै जनशक्ति धकेल्ने सिद्धान्तबाट बिदेसिएकाले त्यस्ता जनशक्तिको नकारात्मक पाटो बढी छ । विदेश मोह बढ्दै गएको र रोकथाम गर्ने गर्न नसकिएको अवस्थाको विषय र विदेश मोह हुनुका कारण तथा समाधानका उपायका बारेमा चर्चा गर्न खोजिएको छ।

विश्वव्यापीकरणको अवसर व्यक्तिले पनि पाउनु पर्छ । विश्वव्यापीकरणको सिद्धान्तले सीमारहित उच्च स्तरको अवसर र सेवालाई इङ्गित गर्छ । मानिसले आफ्नो ज्ञान र क्षमताको अवसर उपयोग गर्न स्वदेश मात्र प्रयाप्त हुँदैन । अहिलेको विश्वले अब्बल ज्ञान उपयोगको अवसरका लागि ढोका खुला गरेको छ । प्रविधिको उपयोग गरी संसारभरिको अवसरको सूचना प्राप्त गर्न र आफूलाई प्रतिस्पर्धामा उतार्न पाउने भएकाले जन्मभूमि बाहिर कर्म गर्न सजिलो भएकाले विदेश मोह बढ्दै गएको हो । स्वदेशमै श्रम उपयोग हुन सक्ने बनाउन व्यावसायिक वातावरण बनाई रोजगारी सिर्जना गर्नेतर्फ ध्यान दिन आवश्यक छ । राज्यको आर्थिक सम्भावना भएका क्षेत्र पर्यटन, जलस्रोत, सूचना प्रविधि, वन तथा कृषि, खानीका क्षेत्रमा व्यावसायिकमैत्री वातावरण बनाई मानव स्रोतको उपयोगमा ध्यान दिन रणनीतिक योजनासहित अघि बढ्नु पर्ने देखिन्छ । प्राकृतिक स्रोत, प्रविधि र मानव स्रोतबिच सकारात्मक वातावरणबाट स्वदेशमै व्यवसाय र रोजगारी गर्न सक्ने अनुकूल अवस्था सिर्जना गर्न सार्वजनिक र निजी क्षेत्र लाग्नु पर्ने हुन्छ।

राज्यको राजनीतिक, आर्थिक र समाजिक संरचना र अवसरको सम्भावना बिचमा कस्तो संयोग छ त्यसले पनि युवा पुस्तामा प्रभाव पार्दो रहेछ । नेपालमा प्रत्येक वर्ष थप चार लाख जनशक्ति काम गर्न योग्य देखिएका छन् तर राज्यले एक लाख जनशक्ति मात्र उपयोग हुन सक्ने अवस्था छ । अरू जनशक्ति मौसमी रोजगारी वा अर्धरोजगार हुने र बेरोजगार बन्ने प्रवृत्ति छ । हाम्रो मुख्य सम्भावना पर्यटन, ऊर्जा, कृषि, खानी र सूचना प्रविधिलगायतका क्षेत्रमा यथेष्ट रोजगारी सिर्जना गर्न सकिएको छैन । निजी क्षेत्रको रोजगारीमा सबैको पहुँच नभएको भनाइ छ । रोजगारीको माग पक्षभन्दा आपूर्ति पक्ष बढी भएकाले ज्याला जीवन निर्वाहका लागि पर्याप्त छैन । यस्तो अवस्थामा विदेशमा रोजगारीका लागि जानुपर्ने बाध्यता नै छ । अवसरको बढोत्तरी गर्ने विषयले स्वदेशभित्रको सम्भावना प्रस्ट्याएको छ । सार्वजनिक क्षेत्रको कार्य कुशलता र निजी क्षेत्रको लगानीमा उत्साहले स्वदेशको सम्भावनाको बढोत्तरी गर्छ । विदेशी लगानी र प्रविधिको उपयोग गर्न राज्यले प्रभावकारी कदम चाल्नु पर्ने र स्वदेशको अवसरलाई बढाई मानवस्रोत उपयोग गर्न सके बिदेसिनु पर्ने दबाब कम हुँदै जान सक्छ । युवा जनशक्तिलाई रोजगारी गर्न सक्ने बनाउन शिक्षामा लगानी गर्नु पर्ने हुन्छ । शिक्षाले राजगारीका अवसर केन्द्रित सिप र ज्ञान दिनु पर्छ । हाम्रो शिक्षा प्रणाली नवपर्वतनीय ज्ञान र श्रम बजार प्रेरित हुन सकेको छैन । शिक्षा प्रणाली गरिखाने जनशक्ति उत्पादनमा चुकेको छ । सिपमूलक व्यावसायिक तालिम पनि प्रभावकारी हुन सकेको छैन । विश्वविद्यालय खुल्ने क्रम जारी छ। शिक्षा प्रणालीमा कहाँ कमजोरी छ र सुधार गर्न के गर्नु पर्छ भन्नेतर्फ ध्यान जान सकेको देखिँदैन । उच्च शिक्षा पढेका धेरै जनशक्ति बेरोजगार छन् । सिप र ज्ञानलाई बजारमा बेच्न नसक्दा विदेशमा जानु परेको छ । केही काबिल जनशक्ति भने विश्व बजारमा तान्ने सिद्धान्तबाट बिदेसिएका छन् । शिक्षालाई श्रम बजार, नवपर्वतनीय सोच, जनजीविका र व्यवसायसँग जोड्न आवश्यक छ । शिक्षाले सिप ज्ञान र कार्यकुशलता बढाउन लाग्नुपर्नेमा हाम्रो शिक्षा पुरातनवादी भएको आरोप छ । केही काबिल जनशक्ति उत्पादन भए पनि उनीहरूको उपयोग गर्न नसक्दा बाहिरिएका छन् । राज्यले दक्ष जनशक्ति उत्पादन गर्न व्यावसायिक सिप र उच्च शिक्षा समयसापेक्ष बनाउन लगानी बढाउनु पर्ने र विश्वको शिक्षा प्रणालीलाई आत्मसात् गरी विकाउ जनशक्ति उत्पादनमा ध्यान दिन आवश्यक छ। नेपालमा राजनीतिले राम्रो गति लिन नसकेकाले होनहार युवा बिदेसिन बाध्य भएका छन् भन्ने भनाइ छ । अस्थिर राजनीति, भ्रष्टाचार बढ्दो, भनसुनको प्रवृत्ति, जनजीविका र व्यावसायिकता प्रवर्धनमा उदासीनता, रोजगारीका अवसरको कमी, गुणस्तरीय शिक्षामा कमजोर अवस्था जस्ता शासकीय पद्धतिका कमजारीले पनि युवा शक्ति निराश भई बिदेसिन चाहन्छन् । राजनीतिक दूरदृष्टि नहुनु,, प्रतिबद्धताको कमजोर अवस्था र सेवा प्रवाहमा झन्झट धेरै भएकाले युवा पुस्ता निरूत्साहित भई बाहिरिने दर बढ्दो छ।

राजनीतिले शासनको बागडोर समाल्ने र जनतालाई असल नेतृत्वबाट उत्साहित गर्नु पर्नेमा स्पष्ट दृष्टि देखिन सकेको छैन । युवा पुस्तामा असल शासनको अनुभूति नहुँदा स्वदेशप्रतिको मोहमा ह्रास हुँदै गएको छ । शासन पद्धतिमा देखिएका विकृति अन्त्य गरी दूरदृष्टि भएका युवा नेतृत्वमा जान सक्ने अवस्था सिर्जना गर्ने, कानुनी शासनमा जोड दिने, जनजीविका र व्यावसायिकताका लागि उत्साहजनक वातावरण बनाउने र विश्वको प्रगतिको लाभ प्राप्त गर्न सक्षम हुने विषयमा शासन पद्धति सक्षम हुनु पर्छ र युवा पलायन हुन उत्साहित हुँदैनन् । विदेशमा ग्रिन कार्ड, स्थायी बस्न अनुमति र नागरिकको दर्जा जस्ता सुविधा उपयोग गरी गुणस्तरीय जीवन बिताउनेको जमात बढ्दै गएकाले स्वदेशका युवा विदेशमा लालायित हुनु स्वाभाविक हो । विदेशमा काम गर्न अवसर धेरै हुने, उपयुक्त तलब सुविधा र जुनसुकै कामलाई पनि इज्जत र मर्यादा हुने हुँदा जस्ता पनि काममा बिदेसिन आतुर देखिएको पाइन्छ । विदेशमा काम गर्दै पढ्ने जमातको बढ्दो आकर्षणले पनि स्वदेशभन्दा विदेशमै अध्ययन प्राथमिकतामा पर्न थालेको छ । पढ्न गएका धेरै युवा स्वदेश फर्कँदैनन् र जसरी पनि गन्तव्य देशमा रोजगारी र स्थायी बसोबासका लागि प्रयत्न गरिरहेका पाइन्छन् । जसले युवा पुस्तामा विदेश मोह बढाएको छ । बिदेसिएका युवाले रोजगारीका अवसरबाट आय प्राप्तिपछि उपभोग्य क्षमताको बढोत्तरी गरी गुणस्तरीय जीवन बिताएका हुन्छन् । विश्व प्रविधिको उपयोग र लाभ प्राप्त गर्न सजिलो अवस्था भएकाले स्वदेशमा अनुकूलता देखेका हुँदैनन्। विदेशमा जस्तै रोजगारीका अवसर बढाउने आयस्रोतमा बढोत्तरी गर्ने र उपभोग्य क्षमता अनुकूल बनाउन राज्यले तत्पर भई हाम्रा नीति नियम युवामैत्री बनाउने र उच्च प्रविधिको उपयोग र लाभ स्वदेशमै प्राप्त गर्न सक्ने अवस्था सिर्जना नगर्दासम्म युवा बाहिरिने प्रवृत्ति रोक्न कठिन छ।

विदेशमा अध्ययन गर्न गएका युवाको अध्ययनपछि स्वदेशमा उपयोग गर्न लोक सेवा आयोगले सकारात्मक (बाँकी ३ पेजमा...)

# सन्दर्भः अर्थशास्त्रको यो बर्षको नोबेल पुरस्कार



वैकुण्ठ पाण्डे

यस वर्षको अर्थशास्त्रको नोबेल पुरस्कार तीनजना अमेरिकी अर्थशास्त्रीलाई संयुक्तरुपमा प्रदान गरिएको छ। ती अर्थशास्त्री हुन् डारेन यसिमग्लु, साइमन जोन्सन र जेम्स रबिन्सन। उनीहरुले देशको समग्र विकासमा सार्वजनिक संस्थाहरुको योगदान कसरी उच्च हुन्छ भन्ने कुरामा जोड दिएर धेरै अनुसन्धान गरेका थिए । सन् २०१० मा संयुक्तरुपमा एक अनुसन्धानमूलक लेख 'द रोल अफ इन्स्टिच्युसन इन ग्रोथ एन्ड डेभलपमेन्ट' र सन् २०१२ मा लेखिएको पुस्तक 'ह्वाइ दि नेसन्स फेल ?' यसिमग्लुको समूहले प्रकाशित गरेका थिए, जुन निकै चर्चित भएको थियो । धेरैले पढे, मनन गरे । यस हिसाबले यिनीहरु नोबेल पुरस्कारका भागिदार पहिले नै थिए भन्नेहरु पनि छन् तर ढिलै भए पनि राम्रो निर्णय भयो । उनीहरुले कुनै पनि राष्ट्र विकसित हुनु र नहुनुका पछाडि त्यो राष्ट्रले आफ्नो देशमा कस्ता संस्थाहरुको विकास गर्‍यो भन्ने कुराको ठूलो अर्थ राख्छ भन्ने कुरामा जोड दिँदै आएका छन् । उनीहरु भन्छन्- आर्थिक वृद्धिलाई तीव्रता दिनको निम्ति अन्य तत्वहरु पनि उपयोगी हुन्छन्, जसमा उत्पादनका साधनहरुको पर्याप्तता, संस्कृति, जनसंख्या, भूगोल आदि पर्दछन् । तर यी सम्पूर्ण तत्वहरुलाई गुणस्तरीय संस्थाको उपस्थितिले उछिनिदिन्छ। अर्थात् आर्थिक, सामाजिक विकासका निम्ति सम्पूर्ण साधन-स्रोत विद्यमान भएर पनि उचित संस्थाको विकास भएको छैन भने त्यो देश पछि पर्न जान्छ। जब समयानुकूल संस्थागत संरचनाहरु निर्माण गर्दै गइन्छ, तिनै मार्फत स्रोत-साधनको व्यवस्थापन हुँदै देशले विकासको गतिमा तीव्रता दिन सक्छ । अतः देशको विकास स्वतः हुने कुरा होइन, यो उचित संस्थागत संरचनाहरुको निर्माण र व्यवस्थापनबाट हुने एक सुझबुझ एवं योजनाबद्ध तयारीको परिणाम हो भन्न सकिन्छ।

सम्पूर्ण साधन-स्रोत विद्यमान भएर पनि उचित संस्थाको विकास भएको छैन भने त्यो देश पछि पर्न जान्छ। जब समयानुकूल संस्थागत संरचनाहरु निर्माण गर्दै गइन्छ, तिनै मार्फत स्रोत-साधनको व्यवस्थापन हुँदै देशले विकासको गतिमा तीव्रता दिन सक्छ। अतः देशको विकास स्वतः हुने कुरा होइन, यो उचित संस्थागत संरचनाहरुको निर्माण र व्यवस्थापनबाट हुने एक सुझबुझ एवं योजनाबद्ध तयारीको परिणाम हो भन्न सकिन्छ। डारेन यसिमग्लु, साइमन जोन्सन र जेम्स रबिन्सनहरु भन्छन्– राजनीतिक, आर्थिक र सामाजिक संरचनाहरुबीच पर्याप्त अन्तरक्रिया हुने गरी निर्माण गरिएका संविधान, नियम, कानुन, मानक तथा संगठनहरु नै संस्था हो । कुनै पनि संस्थागत संरचनाभित्र चारवटा कुरा समावेश भएको हुन्छ। औपचारिक नियम, अनौपचारिक सामाजिक पद्धति, नियमलाई कार्यान्वयन गर्ने प्रणाली र नियमभन्दा बाहिर गरिने कुराहरुलाई नियन्त्रण गर्ने परिपाटी । औपचारिक संस्थाअन्र्तगत सरकारी निकायहरु पर्दछन्। सामाजिक मूल्य, मान्यता, आदर्श, नैतिकता, सामाजिक सम्बन्धजस्ता कुराहरु अनौपचारिक संरचनाहरुभित्र पर्दछन्। न्यायालय, सेना, प्रहरी, मन्त्रालयहरु आदि सबै सरकारले निर्माण गरेका संस्था हुन् । यिनीहरुले व्यवस्थापन, कार्यान्वयन र नियन्त्रण विधिबाट जनतामा सेवा प्रवाहित गर्दछन् । राज्यले निर्माण गरेका यस्ता निकायहरु कसरी सेवा प्रवाह गर्दछन् र यिनीहरुलाई कसरी परिचालित गरिन्छ भन्ने कुराले संस्थाहरुको गुणवत्ता दर्शाउने गर्दछ। यसैको आधारमा राज्य समृद्ध हुने वा गरिब हुने भन्ने कुरा निर्क्योल गर्दछ । 'ह्वाइ दि नेसन्स फेल ?' नामक पुस्तकमा बडो राम्रो तरिकाले संस्थाहरुको चित्रण गरिएको छ। लेखकहरुले उक्त पुस्तकमा बताएका छन् कि राज्यको निकाय वा संस्था हुनु वा नहुनु ठूलो कुरा होइन, बरु कस्तो संस्थाले कसरी काम गरिराखेको छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । यस कारण उनीहरुले संस्थालाई दुई भागमा बाँडेर अध्ययन गरेका छन्– समावेशी र एकात्मक (शोषणमुखी) । समावेशी चरित्रका संस्थाहरुले समाजका सबै तह र तप्काहरुलाई समन्वय गरेर समाजको मूल प्रवाहमा हिँडाउने प्रयत्न गर्दछन् । कानुनको शासन, सम्पत्तिको हक, शिक्षा र स्वास्थ्यमा उचित पहुँचजस्ता कुराको सुनिश्चितता प्रदान गर्न सदैव प्रतिबद्ध रहन्छ । यति मात्र नभएर आर्थिक वृद्धिको निम्ति आवश्यक पर्ने अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहित गर्दछ । यस विपरीत शोषणकारी एकात्मक संस्थाहरु राज्यका सम्पत्ति र स्रोतहरु केही सम्भ्रान्तहरुको कब्जामै रहने गरी निर्माण गरिएका हुन्छन् । यस्ता संस्थाहरुले जनसंख्याको ठूलो हिस्सालाई पुग्ने गरी पुनर्वितरण गरिनुपर्ने राज्यको सम्पत्ति केही व्यक्तिहरुमा केन्द्रित मात्र गर्ने नभई गरिब मजदुरहरुलाई शोषण गर्न मिल्ने गरी स्रोत र साधनहरुको वितरणको प्रवन्ध मिलाइएको हुन्छ। यसबाट लगानी र नवप्रवर्तनलाई निरुत्साहित हुने, कानुनी राज्यको मान्यता उल्लङ्घन हुने र समाजमा व्यापक निराशा बढ्ने स्थिति बन्दै जान्छ। यसर्थ, देशमा भएका संस्थाहरुले कसको हितमा काम गर्दछन् भन्ने कुराले देशको आर्थिक, सामाजिक रुपान्तरणमा निकै ठूलो भूमिका खेल्छन् ।

सरकारी निकायहरु जो सार्वजनिक चासोका निम्ति स्थापना गरिएका हुन्छन्, तिनीहरु देशमा विद्यमान शक्ति सन्तुलनका विम्ब पनि हुन् । यो राजनीति अर्थशास्त्रमा प्रयोग हुने शब्द 'गेम थ्योरी' मा आधारित हुन्छ । राज्यको धन, स्रोत र साधन कसको हातमा पुर्‍याउने भन्ने खेलको नाम नै राजनीति हो । राजनीतिले आफ्नो वर्गको हित अनुकूल यस्ता संस्थाहरु निर्माण गर्दछ । मोटामोटीरुपमा सार्वजनिक निकायहरुले गर्ने कामहरु निम्नानुसार वर्गीकरण गर्न सकिन्छ । (क) सम्पत्तिको अधिकारको सुरक्षा गर्ने : लगानीकर्ताको लगानीको सुरक्षा गर्ने काम सरकारको हो । कानुनी राज्य भएको देशमा सम्पत्तिको अधिकारलाई राम्रोसँग सुरक्षा गर्ने गरी व्यवस्था गरिएको हुन्छ। यस्तो कानुनी प्रावधान भएको राज्यमा निजी लगानीकर्ताले ढुक्कसँग लगानी गर्ने, नवप्रवर्तनलाई गर्ने र खोज अनुसन्धान गर्ने वातावरण निर्माण हुन्छ। लगानीमा कुशलता, उत्पादनमा कुशलता र वितरणमा कुशलता कसरी गर्न सकिन्छ भन्ने कुरामा निजी क्षेत्र जहिले पनि सजग रहन्छ। त्यस कारण भनिन्छ, बजारमा क्रियाशील फर्म आफैँमा कुशलताको परिचय हो। राज्यबाट निजी क्षेत्रलाई कानुनी हिसाबले सहजीकरण गर्ने, नीतिगत झन्झटबाट मुक्त गरिदिने र यिनका समस्याहरुलाई कसरी सकिन्छ सहजीकरण (बाँकी ३ पेजमा...)

# रुपन्देही सुनचाँदी व्यावसायीमा गोपाल रामदाम



तिलोत्तमा/बुटवल, ११ कार्तिक । नेपाल सुनचाँदी व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष अर्जुन रसाइलीले सुनलाई एकद्धार प्रणालीबाट देशभरीका व्यवसायीहरुलाई बिक्री गर्ने व्यवस्था गरिने बताउनु भएको छ । नेपाल सुनचाँदी व्यवसायी संघ रुपन्देहीको सातौं आठौं र नवौं साधारणसभा तथा तेस्रो अधिवेशनलाई सम्बोधन गदै रसाइलीले सुनचाँदी व्यवसायीका पीर, मर्का, भावनालाई महासंघले निकै ध्यानमा राखेर काम गर्न तत्पर भएको बताउनुभयो। सुन वितरण प्रणाली पारदर्शी बनाउँदै वैज्ञानिक बनाउने बताउनुभयो । कार्यक्रममा नेपाल सुनचाँदी व्यवसायी संघ रुपन्देही अध्यक्ष रामकिसन बिकले सुनचाँदी व्यवसायीलाई आवश्यक कर्चा पदार्थको अभाव रहेको बताएका थिए । राज्यले व्यवसायीहरुलाई साना साना कुरामा दुख दिने गरेको गुनासो गर्दै बिकले ठूला पूँजीवालाहरु व्यवसायमा हावी हुँदा वास्तविक व्यवसायी मर्कामा परेको बताउनुभयो । नेपाल सुनचाँदी व्यवसायी संघ केन्द्रीय सदस्य दिपक विश्वकर्मालेे कर्चा पदार्थको अभाव भएको तथा सुन कारोबारमा राज्यको व्यवस्थापनमा कमजोर रहेको बताउनुभयो। रुपन्देही सुनचाँदी व्यवसायी संघका संस्थापक अध्यक्ष प्रेम कुमार सेन्चुरीले नेपालको सुनचाँदी व्यवसायलाई व्यवस्थित गर्न जरुरी भएको भन्दै परम्परागत पेशा गदै आएका व्यवसायीलाई आधुनिकीकरण गर्न संघ लाग्नु पर्ने बताउनुभयो । सिद्धार्थ उद्योग बाणिज्य सघंका अध्यक्ष ठाकुर कुमार श्रेष्ठले व्यवसायमा आउने हरेक समस्यामा आफूहरु सहयोग गर्न सक्ने बताउनुभयो। देशको अर्थतन्त्रमा सुनचाँदी व्यवसायीको महत्वपूर्ण भूमिका रहने श्रेष्ठको भनाई थियो।

कार्यक्रममा संघका पूर्व अध्यक्ष जोगलाल विश्वकर्मा, नेपाल सुनचाँदी व्यवसायी महासंघ लुम्बिनी प्रदेश उपाध्यक्ष हरि विश्वकर्मा, बुटवल सुनचाँदी व्यवसायी संघका अध्यक्ष गोकुल विश्वकर्मा, सिद्धार्थनगर सुनचाँदी व्यवसायी संघका अध्यक्ष सतिष कुमार कौशल दिपक, देवदह सुनचाँदी व्यवसायी महिला समिती अध्यक्ष सुजता गहतराज, सिद्धार्थ सञ्जाल रुपन्देहीका अध्यक्ष अनिल ज्ञवाली, पत्रकार फूलु सुनारलगायतले कार्यक्रममा शुभकामना मन्तव्य राख्नु भएको थियो । संघका अध्यक्ष राम किसन विश्वकर्माको अध्यक्षतामा सुरु भएको कार्यक्रममा किशोर कुमार सेन्चुरीको स्वागत एवम महासचिव सिताराम रसाईलीको सञ्चालनमा सम्पन्न भएको हो।

यसैबिच, नेपाल सुनचाँदी व्यवसायी संघ रुपन्देहीको सातौ आठौ र नवौ वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनबाट गोपाल रामदाम विश्वकर्माको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ । भैरहवामा सम्पन्न अधिवेशनबाट वरिष्ठ उपाध्यक्ष मनोज सेन्चुरी, प्रथम उपाध्यक्ष तिलक विश्वकर्मा, द्वितीय उपाध्यक्ष सुरज बराल, महासचिव सतिष कौसल दिपक, सचिवमा भुवन बराल, सुजता गहतराज, कोषाध्यक्षमा सञ्जय सेन्चुरी, सहकोषाध्यक्षमा जीवन गहतराज, निर्विरोध निर्वाचित भएका छन् । यस्तै संघको कार्यसमिति सदस्यहरुमा बलराम सुनार, किरण लामगादे, पदम बहादुर बिक ,माया बिक,सोम बहादुर गहतराज, दुर्गा बहादुर लोहार,राम बहादुर बिक,बुद्धि बिनोद घमाल ,ठाकुर गौतम, भवानीप्रसाद सोनारलाई चयन गरिएको निर्वाचन अधिकृत अधिवक्ता पदम कार्कीले जानकारी दिनुभयो । कार्यक्रममा नव निर्वाचित अध्यक्ष गोपाल रामदाम विश्वकर्माले आउने दिनहरुमा सबैलाई समेटेर अगाडि बढ्दै व्यवसायीको हकहितको निम्ति काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

## सत्ता...

अब काम नगर्ने भन्दै नेपाली समाजलाई झुठो प्रचार गरेर धम्की नदिन सम्बन्धित पक्षको ध्यानाकर्षण गर्नुभयो।

आफूलाई अलोकप्रिय भएको भनेर टिप्पणी गर्नेहरुलाई जवाफ दिँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, "भाडामा ल्याइएकाहरुले केपी ओलीको साख घट्यो भन्न सक्छन्, सचेत जनतालाई थाहा छ कि हामी कति लोकप्रिय छौँ भन्ने। ओलीको साख घटेको भन्नेहरुले २०८४ को निर्वाचनसम्म कुर्नुपर्ला, त्यसपछि परिणाम थाहाहोला ।"लोकतन्त्र भनेको छाडातन्त्र नभएको स्पष्ट गर्दै प्रधानमन्त्री ओलीले भन्नुभयो, "नेपाल लडेर बनेको र लडेर बचाएको राष्ट्र भएकाले सिंहदरबार वा बालुवाटार कब्जा गर्छौं, चुट्छौं, मार्छौं, काट्छौं भन्नु छाडातन्त्र हो, प्रजातान्त्रिक शासन व्यवस्थामा त्यस्ता क्रियाकलाप सैह्य हुँदैनन् ।"

उहाँले राष्ट्रका लागि आवश्यक परे पूर्व सुरक्षाकर्मी एकता र अनुशासनका साथ खट्नुपर्ने र नयाँ पुस्तालाई प्रेरणा दिनुपर्ने बताउनुभयो। सामाजिक सञ्जालमा जथाभावि प्रस्तुत हुनेहरुलाई उत्तरदायी बनाउने बाटोमा वर्तमान सरकार रहेको उहाँले स्पष्ट गर्नुभयो ।सहकारी अपचलनबारे संसदीय समितिको प्रतिवेदनलाई कानुनअनुसार सरकारले कार्यान्वयन गरेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले अनुसन्धानका क्रममा रहेका व्यक्तिका पक्षमा अदालत परिसरमै उफ्रीउफ्री कराउनु लोकतान्त्रिक मूल्यमान्यताविपरीत भएको टिप्पणी गर्नुभयो । उहँले आफूले कसैप्रति पूर्वाग्रह नराख्ने र न्यायिक निरुपणबाट हुने निष्कर्षलाई सबैले मान्नुपर्नेमा जोड दिनुभयो ।कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागबाट अवकाशप्राप्त उच्च अधिकृतहरूले राष्ट्रिय सुरक्षा र पूर्व सुरक्षाकर्मीको भूमिकाबारे विचार प्रस्तुत गर्नुभएको थियो।

## युवा पलायन...

भर्ना पद्धतिमा जोड दिने र स्थायी गर्ने पद्धतिलाई क्रमशः कम गरी तोकिएका काम अपेक्षित परिणामका लागि समयभित्र गर्न करार प्रणालीलाई प्रोत्साहन गर्न सके युवाको ज्ञान र सिप उपयोग गरी स्वदेशको अवसरले पलायन कम गर्न सकिन्थ्यो।

अवसर, सिप र ज्ञानको उपयोग र विश्वको प्रगतिमा समाहित हुन युवा बिदेसिन्छन् । विदेश मोहमा रहेका युवालाई स्वदेशमा उपयोग गर्न सरकारले धेरै प्रयत्न गर्नुपर्ने देखिन्छ। युवालाई स्वदेशमा राख्न बाध्यकारी नीतिभन्दा उत्साहित गर्ने रणनीतिको खाँचो छ। शासकीय प्रभावकारिता हुनुपर्ने पहिलो सर्त हो भने अवसरको बढोत्तरी दोस्रोमा पर्छ।

राजनीतिका सकारात्मक वातावरणले राज्यभित्रको अवसरलाई विश्व जगत्सँग जोड्न सके आर्थिक क्रियाकलाप बढ्न गई श्रम शक्तिको स्वदेशमै उपयोग हुने अवस्था सिर्जना हुन सक्थ्यो।

अहिलेको अवस्था ब्रेन ड्रेनलाई ब्रेन गेनमा बदल्नु हो। अवसरको पहुँच, आयआर्जन बढोत्तरी र उपभोग्य क्षमताको सहजता ल्याउन प्रभावकारी शासन प्रणाली भए मात्र युवा पलायन न्यून गर्न सकिन्छ।(गोरखापत्र)

## सन्दर्भ...

गर्न सकिन्छ भन्नेतर्फ चिन्तनशील सरकारी निकायको निर्माण हुनु अपरिहार्य छ । यसबाट समाजमा लगानीको वातावरण निर्माण हुन गई आर्थिक वृद्ध तीव्र हुन सहयोग पुग्दछ । (ख) जवाफदेहिता र सुशासनको सुनिश्चितता : सरकार नागरिकप्रति जवाफदेही हुनुपर्दछ भन्ने सर्वमान्य सिद्धान्त हो । यस मान्यतालाई स्थापित गर्ने हिसाबले राज्यले संस्थागत संरचनाहरु निर्माण गरेको हुन्छ । निष्पक्ष निर्वाचन, स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रताजस्ता आधारभूत कुराहरुमा राज्य गम्भीर हुँदा जवाफदेहिताको संस्कृति निर्माण हुन सक्छ।

यसबाट शक्ति र स्रोतको अति केन्द्रीकरण रोक्न निकै सहयोग मिल्छ। सेवामा सहजता र समयबद्धताले सुशासनलाई मलजल गर्दछ । राज्यले गर्ने हरेक कार्यमा जवाफदेहिता हुँदा नागरिकले आफूलाई मालिक भएको अनुभूति गर्दछन् । यस्तो काम समावेशी संरचनाले मात्र गर्न सक्छ । यस विपरीत यदि सार्वजनिक संस्थाहरु शोषणमुखी छन् भने देशमा विपरीत परिस्थिति उत्पन्न हुन्छ । केहि व्यक्तिहरु मात्र सम्पन्न हुँदै जाने अवस्था सिर्जना हुँदा देशमा निराशा र कुण्ठाको वातावरण देखा पर्दछ । यस हिसाबले यसिमग्लुहरुले राजनीतिक समावेशितामा बढी जोड दिएका छन् । किनभने राजनीतिले नै सबै कुरा निर्धारण गर्दछ।

निष्कर्ष :

समग्रमा लेखकहरु के कुरामा जोड दिन्छन् भने, आर्थिकरुपले बलियो अर्थतन्त्र निर्माण गर्न चाहने मुलुकले माथि उल्लिखित चार बुँदाहरु अनिवार्यरुपमा पालना गर्नुपर्दछ । यसको पूर्वसर्तको रुपमा राजनीतिक समावेशिताको माध्यमबाट समावेशी संरचना निर्माणमा सबै देशहरुले ध्यान दिनुपर्दछ । दिगो आर्थिक विकासका निम्ति समावेशिता, जवाफदेहिता, पारदर्शिता र सुशासन बिर्सनै नहुने विषयवस्तु हुन्। देशको भूगोल, स्रोत, संस्कृति आदि विकासका निम्ति आवश्यक साधन हुन् भने गुणस्तरीय र समावेशी सार्वजनिक निकाय आर्थिक, सामाजिक विकासको निम्ति अपरिहार्य साधन हो भन्ने कुरा प्रत्येक देशको राजनीतिले बुझ्नुपर्ने हुन्छ।

विश्वमा बढ्दो गरिबी, असमानता र बेरोजगारी अनि यसले सिर्जना गरेको अपराधको कारण मानवबस्तीहरु बस्न अयोग्य ठाउँमा रुपान्तरित हुँदै गएको सन्दर्भमा लेखकहरुको विचारले नोबेल पुरस्कारमा स्थान पाउनु सम्पूर्ण मानवजातिका निम्ति सुखद कुरा हो।

(समाचारपत्र)


**ट्वाईलेट सफा गराउनुहोस्**

**के तपाईको घरको सिट,नाली जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता अत्याधुनिक प्रविधी, पावरफुल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एकमात्र सेनेटरीलाई सम्पर्क गर्नु होस।**

ट्याक्सी रिजर्भकोलागि पनि सम्पर्क गर्नुहोला

**तिनाउ सेनेटरी**

**बुटवल–१०, सुखानगर**

**मोवाईल नं:- ९८५७०५८८१३, ९८०७१८०८१३**

*हामी तपाईको समस्या तुरुन्तै पाँच मिनेटमा हल गरिदिने छौं।*


## छत्रदेव गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
छत्रगञ्ज, अर्घाखाँची

## करारमा कर्मचारी नियुक्ती सम्बन्धी सूचना !

***प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०७/१२***

छत्रदेव गाउँपालिकाद्वारा सम्पादन हुने पूर्वाधार सम्बन्धी कामका लागि करारमा कर्मचारी राख्नुपर्ने भएको हुँदा आ.व. २०८०/८१ मा श्री प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश, बुटवलले प्रकाशित गरेका विभिन्न विज्ञापनको सूचनामा वैकल्पिक तथा अस्थायी योग्यता क्रममा भएका तपसिलका पदका उम्मेदवारहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र निम्नानुसारको कागजातसहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। सोह्रौं दिनदेखि तोकिएको मितिभित्र निवेदन दिने उम्मेदवारहरू मध्येबाट योग्यता क्रमानुसार करारमा नियुक्ती दिइ कामकाजमा लगाइने बेहोरा जानकारी गराइन्छ।

| क्र.स. | वि.नं. | पद | तह | सङ्ख्या | किसिम |
|---|---|---|---|---|---|
| १ | १/२०८१/८२ | सब-इन्जिनियर (सिभिल) | पाँचौं | १ (एक) | करार |
| २ | २/२०८१/८२ | असिष्टेण्ट सब-इन्जिनियर(सिभिल) | चौंथो | २ (दुई) | करार |

**तपसिलः**
१. निवेदन,
२. प्रवेश-पत्रको प्रतिलिपि,
३. न्यूनतम शैक्षिक योग्यताका प्रमाण-पत्रको प्रतिलिपि,

***थप जानकारीका लागि मोबाईल नं. ९८५७०६६९७१ मा सम्पर्क गर्न सकिनेछ।***

***प्रमुख प्रशासकीय अधिकृत***

## Bhumikasthan Municipality
## Office of the Municipal Executive
Nuwakot, Arghakhanchi
Lumbini Province, Nepal

## Request for Expression of Interest

***Date of publication: 28-10-2024 (2081-07-12)***

1. Government of Nepal (GoN) has allocated fund toward the cost of Conducting one month skill development training to prepare different products of Local raw materials (Poskar or Thakal Leaf) in 20 different places of Bhumikasthan Municipality and intend to apply portion of this fund to eligible payments under the Contract for which this Expression of Interest is invited Expression of Interest (EOI) from eligible consulting firms ("consultant") for National consulting service.
2. Interested eligible consultants may obtain/download further information and EOI document free of cost on or before 27-11-2024 12:00 Hrs. by visiting e-GP system www.bolpatra.gov.np/egp.
3. Expressions of interest shall be delivered through e-GP system www.bolpatra.gov.np/egp on or before 27-11-2024 12:00 Hrs.
4. Expressions of interest shall be opened through e-GP system www.bolpatra.gov.np/egp on or before 27-11-2024 13:00 Hrs.
5. EOI will be assessed based on Qualification 40.0 %, Experience 50.0 %, and Capacity 10.0% of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal through a request for proposal.
6. Minimum score to pass the EOI is 60.
7. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
8. The Expression of Interest (EOI) document must be duly completed and submitted by electronically only using the forms and instructions provided by the system.

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads

## Saljhandi Sandhikharka Dhorpatan Road Project, Arghakhanchi
Sandhikharka, Arghakhanchi

## Invitation for Bids

***Notice No: 02/081/82*** ***Date of first publication: 2081/07/12 (2024/11/28)***

1. Saljhandi Sandhikharka Dhorpatan Road Project Office invites sealed bids from eligible bidders for following works:

| S. N. | Contract No. | Name and Location of the Construction Work | Estimated Amount without VAT | Bid Security Amount (NRS) | Document Fee |
|---|---|---|---|---|---|
| 1 | SSDRP/337011064/081/82/03 | Road Maintenance at Saljhandi-Kanchankhola Road Section (Ch:0+000 to Ch:4+560) along Saljhandi Sandhikharka Dhorpatan Road (NH-52) | 10,05,677.63 | 30,000 | 1000 |

2. Deadline for Bid Submission and Opening:

| Last Date and Time for Bid Submission | | Date and Time for Bid Opening | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | Revenue a/c No | 1000100200010000 | Office Code | 337015101 |
| | | | | Revenue Heading No | 14229 | Bank | Rastriya Banijya Bank |
| Date | Time | Date | Time | Name of Office | Saljhandi Sandhikharka Dhorpatan Road Project | | |
| 2081-07-27 | 12:00 hours | 2081-07-27 | 13:00 hours | Deposit A/C No. | 3050100102030000 | Office Code | 337015101 |
| | | | | Name of Office | District Treasury Comptroller Office, Arghakhanchi | | |
| | | | | Bank | Rastriya Banijya Bank, Arghakhanchi | | |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Saljhandi Sandhikharka Dhorpatan Road Project, Sandhikharka, Arghakhanchi, Email Address: **ssdrp.dor@gmail.com** , Telephone No: **077-420468** or may visit PPMO's e-GP system: **www.bolpatra.gov.np/egp.**

# रोटरी र सिद्धाराद्वारा शितगंगामा निःशुल्क स्वास्थ्य शिविर




तिलोत्तमा/बुटवल, ११ कार्तिक । अर्घाखाँचीको सितगंगा नगरपालिका वडा नम्बर १० हर्रेमा एकदिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ ।उक्त शिविर सिद्धारा सेवा समाज रुपन्देही र रोटरी क्लव अफ बुटवल चौतारीले संयुक्तरुपमा गरेका थिए ।
स्वास्थ्य शिविरको उदघाटन सितगंगा नगरपालिकाका नगरप्रमुख छविलाल पौडेलले गर्नुभयो । स्वास्थ्य शिविरमा डा. मोहन भुसाल नेतृत्वको टिम चेकजाँचका लागि खटिएको थियो ।
 त्यस्तै सितगंगा नगर अस्पतालका इन्चार्ज डा. सुवेक्षा शर्मा पनि सहभागी हुनु भएको थियो । कार्यक्रममा बोल्दै सितगंगा नगरपालिकाका नगरप्रमुख छविलाल पौडेलले निःशुल्क स्वास्थय शिविरले यहाँका सर्वसाधारणको चेकजाँचमा महत्वपूर्ण उपलब्धि हासिल भएको भन्दै यस्ता कार्यक्रम आगामी दिनमा पनि सञ्चालन गर्नुपर्ने र यसका लागि स्थानीय सरकार सहकार्य गर्न तयार रहेको बताउनुभयो ।
कार्यक्रम संयोजक रोटरी क्लव अफ बुटवल चौतारीका सचिव खगेन्द्र बेलबासेले गाउँमा स्वास्थय शिविर सञ्चालन गर्न पाउँदा खुसी लागेको बताउनुभयो ।
त्यस्तै वडाअध्यक्ष रोटरीयन केशव बेलबासे र अर्का रोटरीयन खिमानन्द बस्याललगायतलेस्वास्थ्यशिविरबाटयस क्षेत्रका नागरिकले राहत पाएको बताउनुभयो । शिविरमा ग्याष्ट्रो सेन्टर बुटवल प्रालिका वरिष्ठ पेट, आन्द्रा, कलेजो तथा प्याङ्क्रियाज रोग विशेषज्ञ डा. मोहन भुसाल नेतृत्वको टोलीमा महिला रोग विशेषज्ञ डा. नविन तिरुवाको टोली समेत खटिएको थियो ।
इन्डोस्कोपी सहितको सेवा प्रवाहका साथै विभिन्न औषधी कम्पनीद्वारा औषधी सहयोग भएको थियो । ३०० जना सहकारी शिविरमा १७० जनाले स्वास्थ्य जाँच गरी औषधी लिएका थिए भने १७ जनाको इन्डोस्कोपी गरिएको थियो ।
क्लवले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर अगाडि बढेको रोटरी क्लव अफ बुटवल चौतारीका अध्यक्ष नुमेन्द्र पौडेलले जानकारी दिनुभयो ।

## बालबालिकाको...

पौडेलले आमउपभोक्तालाई उचित मूल्यमा कसरी औषधी वितरण गर्न सकिन्छ सोसम्बन्धी अध्ययन गरी आवश्यक सुझाव दिन समितिका पदाधिकारीलाई आग्रह गर्नुभयो ।
उहाँले औषधीको मूल्य लामो समयदेखि समायोजन नभए पनि अहिले मूल्यवृद्धि गर्नुपर्ने अवस्था नभएको उल्लेख गर्नुभयो ।"ग्यास र तेलको मूल्य बढ्यो भनेर औषधीको पनि बढाउनुपर्छ भन्ने होइन । औषधी नागरिकको जीवनसँग जोडिएको विषय भएकाले सरकारले मूल्य समायोजन गर्न खोजेको हो", मन्त्री पौडेलले भन्नुभयो, "नागरिकलाई सकेसम्म सस्तो मूल्यमा औषधी उपलब्ध गराउने गरी मूल्य समायोजन हुनेछ । यसका लागि सरकार थप दायित्व निर्वाह गर्न तयार छ ।"औषधीको मूल्य सूचीबारे आफूले जानकारी राखेको भन्दै मन्त्री पौडेलले उत्पादन र बिक्री सूचीमा केही मात्रामा मूल्य घटाउन सकिने धारणा राख्नुभयो ।
 उहाँले मूल्य समायोजन गर्दा पनि व्यवसायीले मुनाफा राखेर अहिलेको भन्दा कम मूल्यमा अत्यावश्यक औषधी बिक्री गर्नसक्ने विश्वास व्यक्त गर्नुभयो ।"उत्पादक, बिक्रेताले कानुनभित्र रहेर तोकिएको मापदण्ड अनुसार मुनाफा लिनुपर्छ । यसले आमउपभोक्तालाई पनि सहज हुनेछ र केही पनि मर्कामा पर्ने छैनन", मन्त्री पौडेलले भन्नुभयो । अध्ययन गर्न गठित समितिले मूल्य समायोजन, गुणस्तर, व्यावसायिकता र अन्य व्यावहारिक पक्षलाई पनि समेटेर प्रतिवेदन तयार पार्नुपर्नेमा उहाँले जोड दिनुभयो ।स्वास्थ्यमन्त्री पौडेलले औषधी खर्चका कारण नागरिक गरिबीको रेखामा पर्न नहुने धारणा राख्दै वैज्ञानिक र तथ्यपरक हिसाबले मूल्य समायोजनमार्फत समस्या समाधानको विकल्प निकाल्ने गरी सुझाव आउने अपेक्षा व्यक्त गर्नुभयो ।"सरकारी तथ्याङ्कले करिब पाँच लाख नागरिक औषधी खर्चका कारण गरिबीमा परेका छन् भन्ने देखाउँछ", उहाँले भन्नुभयो, "समितिले औषधीको मूल्यका विषयमा तथ्यपरक र वैज्ञानिक अनुसन्धानबाट समायोजनको ढाँचा बनाएर सबैलाई सकारात्मक प्रभाव पार्ने गरी सुझाव दिनुपर्छ, यसलाई मन्त्रालयले यथाशीघ्र कार्यान्वयन गर्नेछ ।"

# प्रविधिको विकाससँगै फौजदारी न्याय प्रणालीमा चुनौती थपिँदै

रासस/काठमाडौँ, ११ कात्तिक । प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले प्रविधिको विकासँगै फौजदारी न्याय प्रणालीमा चुनौती थपिँदै गएको बताउनुभएको छ ।

प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागले आइतबार आयोजना गरेको 'फौजदारी न्याय प्रणालीमा देखिएका चुनौती र सुधारका उपाए' विषयक कार्यशालामा प्रधानन्यायाधीश रावतले अपराध अनुसन्धानमा व्यावसायिक क्षमता विकास गर्नसके फौजदारी न्याय प्रणाली थप सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले प्रभावकारी फौजदारी न्याय प्रणालीको विकास गर्न अपराध अनुसन्धानमा नवीनताको विकास गर्न जरुरी रहेको पनि औँल्याउनुभयो ।न्याय प्रणालीलाई थप प्रभावकारी र छिटोछरितो बनाउन सरोकार राख्ने निकायबीचको समन्वय बढाउनुपर्ने आवश्यकता औँल्याउँदै प्रधानन्यायाधीश राउतले वैज्ञानिक, वस्तुनिष्ठ र प्रमाणका आधारमा अनुसन्धान गर्न जरुरी रहेको बताउनुभयो । संविधान र कानुनको सिद्धान्तका आधारमा न्यायलाई नतिजामुखी बनाउन सफल अनुसन्धानले सहयोग गर्ने उल्लेख गर्दै उहाँले आइतबार आयोजित कार्यशालाले न्यायलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । महान्यायाधिवक्ता रमेश बडालले कतिपय अपराध अनुसन्धाका फाइल हेर्दा अनुसन्धान अपुरै रहेको देखिने गरेको भन्दै यसतर्फ अनुसन्धान अधिकृतहरुको ध्यानाकर्षण गराउनुभयो ।

उहाँले कुनै पनि अपराधको अनुसन्धानमा बयानले मात्रै नपुग्नेमा जोड दिँदै उहाँले वस्तुनिष्ठ तथ्य, फिङ्गर प्रिन्ट वा त्यस्तै प्रमाण जरुरी हुने बताउनुभयो ।

लागुऔषधका आरोपीमाथिको अनुसन्धानको उदाहरण दिँदै उहाँले त्यस्ता व्यक्तिको अनुसन्धानका लागि शरीरमा लागुऔषधको तत्व देखिएको प्रमाण आवश्यक हुनेतर्फ अनुसन्धान अधिकारीको ध्यानाकर्षण गराउनुभयो ।

गृहसचिव गोकर्णमणि दुवाडीले आजको कार्यशालाले फौजदारी न्यायप्रणाली सुधारका विषयमा महत्वपूर्ण निष्कर्ष निकाल्ने विश्वास गरिएको बताउनुभयो ।उहाँले राज्यका निकायप्रति नागरिकको विश्वास जगाउनु चुनौती खडा हुँदै गएको बताउँदै प्रविधिको विकाससँगै अपराधमा पनि नयाँ शैलीको प्रयोग हुन थालेकाले अनुसन्धानलाई थप प्रभावकारी बनाउन जरुरी रहेको उल्लेख गर्नुभयो । प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले कसुरको वैज्ञानिक र वस्तुनिष्ठ प्रमाणले स्वच्छ र निष्पक्ष न्याय प्रथान गर्ने बताउँदै सफल अनुसन्धानले नेपाल प्रहरीको शाख र गरिमा बढाउने उल्लेख गर्नुभयो । उहाँले प्रमाणमुखी अनुसन्धानलाई प्रहरीले जोड दिएको पनि बताउनुभयो । अझै पनि परम्परागत अपराधको बाहुल्यता रहेको जानकारी गराउँदै प्रहरी महानिरीक्षक कुँवरले परम्परागत अपराध अनुसन्धानका साथै आधुनिक अनुसन्धान प्रणालीलाई पनि सँगसँगै लगिएको बताउनुभयो । उहाँले आजको कार्यशालाले फौजदारी न्याय प्रणालीको सुधारमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

# कृषि र पर्यटन प्रवर्द्धन गर्न गैँडाकोटमा महोत्सव

रासस/त्रिवेणी (नवलपरासी), ११ कात्तिक । 'आर्थिक विकासको मूल आधार : कृषि, पर्यटन, उद्योग र व्यापार' नाराका साथ कृषि र पर्यटन प्रवर्द्धन गर्न नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरमा गण्डकी प्रदेशस्तरीय महोत्सव हुने भएको छ । नेपाल उद्योग वाणिज्य महासङ्घ गण्डकी प्रदेश समितिको आयोजनामा नारायणी नदी किनारमा महोत्सव हुने समितिका अध्यक्ष अमृत भट्टचनले बताउनुभयो ।कात्तिक २३ देखि मङ्सिर १० गतेसम्म सञ्चालन हुने महोत्सवबाट कृषि उत्पादनसहित पर्यटकीय क्षेत्रको प्रवर्द्धनमा सहयोग पुग्ने अपेक्षा गरिएको अध्यक्ष भट्टचनले बताउनुभयो । महोत्सवले आर्थिक गतिविधि चलायमान बनाउन र नयाँ सम्भावनाको खोजी गर्न सहयोग पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो । महोत्सवमा कृषि उत्पादनको प्रोत्साहनका लागि कृषि क्षेत्र तथा स्थानीय उत्पादनको बजारीकरणका लागि ५० वटासम्म स्टल निःशुल्क उपलब्ध गराइने छ । महोत्सवमा हस्तकला, कृषि, अटोमोबाइल्स, सूचना तथा प्रविधि, औद्योगिक उत्पादन, दैनिक उपभोग्य वस्तु, लत्ताकपडालगायत तीन सयवटा प्रदर्शन एवं बिक्रीकक्ष रहनेछन् । गण्डकी प्रदेशस्तरीय महोत्सवले नवलपुरमा गण्डकी प्रदेश सरकारले गौरवको आयोजनाका रूपमा घोषणा गरेको लोकाहा औद्योगिक क्षेत्र, शुक्लागण्डकी नगरपालिका, पोखरा महानगरपालिकामा निर्माणाधीन औद्योगिक ग्राम एवं धौबादी फलाम खानी निर्माणमा सकारात्मक सन्देश प्रवाह गर्ने अपेक्षा गरिएको अध्यक्ष भट्टचनले बताउनुभयो ।

# टेबलटेनिसमा नेपालले साउदीलाई हरायो

रासस/काठमाडौँ, ११ कात्तिक । बहराइनको मानामामा जारी आइएसएफ जिम्नासाइडको टेबलटेनिसमा नेपालले महिला 'टिम इभेन्ट'मा साउदी अरबियालाई पराजित गरेको छ । बहराइन नेसनल स्टेडियास्थित इसा स्पोर्ट्स सिटीहल 'बी' मा ९ देखि १३औँ स्थानका लागि भएको प्रतिस्पर्धामा नेपालले साउदी अरेबियालाई ४-१ ले पराजित गऱ्यो । जीतसँगै नेपालले सोमबार ९ देखि ११औँ स्थानका लागि युगान्डा वानसँग खेल्नेछ । यो खेल जितेमा नेपालले पुनः ९ देखि १०औँ स्थानका लागि खेल्ने अवसर पाउनेछ । नतिजा अनुकूल नआएमा नेपाल ११औँ स्थानमा रहनेछ ।महिला टिम इभेन्टमा नेपालले समूह चरणमा इङ्ल्यान्ड, अजरवैजान, इटाली र चाइनिज ताइपेईसँग प्रतिस्पर्धा गरेको थियो । नेपाल इङ्ल्यान्डसँग ४-३, अजरवैजानसँग ५-२, इटालीसँग ५-२ र चाइनिज ताइपेईसँग ७-० ले पराजित भएको थियो । महिला टिममा नेपालबाट इभाना थापा, वियंका राई, माल्सा नेपाल र विद्विसा मैनालीले खेली रहेका छन् ।
महिलामा नेपालले सिङ्गल्स स्पर्धामा पनि प्रतिस्पर्धा गर्नेछ ।

# भुटानलाई हराउँदै बङ्गलादेश फाइनलमा प्रवेश

रासस/काठमाडौँ, ११ कात्तिक । तोहुरा खातुनको ह्याट्रिकसँगै बङ्गलादेशले भुटानलाई पराजित गर्दै साफ वुमन्स च्याम्पियनसिप-२०२४ को फाइनलमा प्रवेश गरेको छ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आइतबार भएको पहिलो सेमिफाइनल खेलमा बङ्गलादेशले भुटानलाई ७-१ को फराकिलो गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको फाइनलमा पुगेको हो । बङ्गलादेशकी तोहुरा खातुनले ह्याट्रिक गरिन् । त्यस्तै साविना खातुनले दुई गोल गर्दा ऋतु पोर्ना चक्मा र सेउली अजिम समान एक/एक गोल गरेका हुन् । भुटानका लागि डेकी लाजोमले एक गोल फर्काइन् ।

## डहरे खोला...

आवतजावतमा महत्त्वपूर्ण सहयोग हुने उहाँको भनाइ छ । राष्ट्रिय सभा सदस्य विष्णुकुमारी सापकोटा र लुम्बिनी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले डहरे खोलामा पुल निर्माण भएपछि यो क्षेत्रकै विकासमा नयाँ आयाम थपिने बताउनुभयो । लुम्बिनी प्रदेशका सांसद चिन्तामणि पाण्डेय, यमु गैरे, जिल्ला समन्वय समिति प्रमुख द्रोण खत्री, सत्यवती गाउँपालिका अध्यक्ष टीकाराम पाण्डेयलगायतले धारणा राख्नुभयो । २०३६ सालदेखि सञ्चालित यस सडकमा पर्ने नादेवा, भार्से, डहरे, गिदी खोलामा मोटरेबल पुल निर्माणका लागि सडक विभागले चालू आव २०८१-०८२ मा २२ करोड रुपियाँ बजेट विनियोजन गरेको हो । डिभिजन सडक कार्यालय पाल्पा अन्तर्गत यहाँका चारवटै पुल निर्माणको काम राजेश्वरी कन्स्ट्रक्सन प्रालिले जिम्मा लिएको छ ।







मणि मुकुन्द प्रकाशन प्रा. लि. द्वारा प्रकाशित नव तिलोत्तमा दैनिकका लागि अध्यक्षः जनक कोइराला, प्रबन्ध सञ्चालक/सम्पादकः माधव नेपाल, फोन नं. विज्ञापनः ०७१-४३८५७४,
समाचारः ०७१-४३८५७५ फ्याक्स नं. ०७१-४३८५७२ कार्यालयः कालिकानगर-१० बुटवल, इमेलः tilottamadainik@gmail.com, मुद्रणः तिलोत्तमा प्रेस, बुटवल रुपन्देही